आज मिति २०७६ साल चैत्र महिनाको ५ गते वुधवार विहान ११:०० बजे मिथिला नगरपालिकाका प्रमुख श्री हरि नारायण महतो ज्यू को अध्यक्षतामा निम्न अनुसार उप- प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्य ज्यूहरुको उपस्थितिमा कार्यपालिकाको वैठक वसी नेपालको संविधानको धारा २१४ तथा स्थानिय सरकार संचालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रही तर्पासिल अनुसारको प्रस्तावहरुमा छलफल भई तपसिल अनुसारका निर्णय गरियो ।

उपस्थिति

| सि. नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | हरि नारायण महतो | |
| २ | उप- प्रमुख | तारा कुमारी वस्नेत | |
| ३ | वडा अध्यक्ष-( १ ) | लक्ष्मी महतो | |
| ४ | वडा अध्यक्ष-( २ ) | विहारी महतो | |
| ५ | वडा अध्यक्ष- (३) | राम एकवाल महतो | |
| ६ | वडा अध्यक्ष-(४) | विष्णुहरि खदाल | |
| ७ | वडा अध्यक्ष-(५) | श्यामवावु यादव | |
| ८ | वडा अध्यक्ष-(६) | भक्त वहादुर वलम्पाकी | |
| ९ | वडा अध्यक्ष-(७) | युवराज उप्रेती | |
| १० | वडा अध्यक्ष-(८) | देवनारायण महतो | |
| ११ | वडा अध्यक्ष-(९) | दिपकजंग थापा | |
| १२ | वडा अध्यक्ष-(१०) | सविन विक्रम थापा | |
| १३ | वडा अध्यक्ष-(११) | वेद वहादुर कार्की | |
| १४ | कार्यपालिका सदस्य | जहरी देवि महतो | |
| १५ | कार्यपालिका सदस्य | ठेट कुमारी दाहाल | |
| १६ | कार्यपालिका सदस्य | रेणु हेन्जन | |
| १७ | कार्यपालिका सदस्य | सीता भित्रिकोटी | सीता |
| १८ | कार्यपालिका सदस्य | अनिता परियार | अनिता |
| १९ | कार्यपालिका सदस्य | राजदेव ठाकुर | |
| २० | कार्यपालिका सदस्य | गुलाव ठाकुर | |
| २१ | कार्यपालिका सदस्य | देवि वहादुर तोलांगे | |
| २२ | प्रमुख प्रशासकिय अधिकृत (सचिव) | रचिन्द्र डङ्गोल | |

Scanned by TapScanner

# सहयोगी कर्मचारीहरु

| सि.नं. | नाम ~~थर~~ थर | ~~नाम थर~~ पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | केशव कुमार अधिकारी | अधिकृत सातौं तह | [signature] |
| २ | गया प्रसाद गुप्ता | सहायक पाँचौं | [signature] |
| ३ | आनन्द कुमार अधिकारी | " | [signature] |
| ४ | जगरनाथ महतो | " | [signature] |
| ५ | जोगेन्द्र महतो | सहायक चौथो | [signature] |
| ६ | केशव प्र. काफ्ले | सहायक पाँचौं | [signature] |
| ७ | ~~जगरनाथ महतो~~ | | |
| ८ | राम प्रकाश महतो | अधिकृत छैठौं (पुरा. सेवा) | [signature] |
| ९ | सत्य नारायण सिंह | वडा नं. १ वडा सचिव | [signature] |
| १० | संजय कुमार महतो | अधिकृत छैठौं (कृषि विकास शाखा) | [signature] |
| ११ | सीता कुमारी ~~[illegible]~~ | अधिकृत सातौं | [signature] |
| १२ | शिवशंकर प्रसाद सिंह | सहायक पाँचौं | [signature] |
| १३ | नवराज पंडित | अधिकृत छैठौं | [signature] |
| १४ | | | |
| १५ | | | |

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मिति २०७६।१२।०५

**बैठकका प्रस्तावहरु :**

मिथिला नगरपालिका, नगर कार्यपालिकाको मिति २०७६।१२।०२ मा छलफको लागि पेश भएका १४ वटा प्रस्तावहरुमा थप छलफल आवश्यक निर्णयमा पुग्ने सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा यस नगर कार्यपालिकाको कार्यालयका निम्न उल्लेखित विषयगत शाखाहरुको लागि तपशिल बमोजिम यस नगरपालिकाको आन्तरिक स्रोतबाट तपसिल बमोजिम हुनेगरी रकम विनियोजन गर्नका साथै केही कार्यक्रमहरु संशोधन समेत हुने गरी आगामी पांचौ नगर सभा (हिउदे अधिवेशन) बाट अनुमोदन गर्ने निर्णय पारित गरियो ।

| सि.नं. | विषयगत शाखा/उप शाखाको नाम | थप विनियोजित रकम | रकमको स्रोत | कार्यक्रमको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| १) | शिक्षा शाखा | ५,४८,२००।- | | १) इन्स्योर परियोजनाको अपुग रकम रु.१८२५००।-<br>२) रुपान्तरण कार्यक्रमका लागि ( सबै वडामा) रु.२,००,०००।-<br>३) सादुदायिक विद्यालय बगैंचा निर्माण रु.७०,०००।-<br>४) परिक्षा व्यवस्थापन खर्च रु.९५,६८०।-<br>**कार्यक्रम संशोधन**<br>१) सि.नं. १५ को पिङ्ग, चिप्लटि, कम्पाउण्ड वाल निर्माण रु.५००००।- संशोधन गरी कालिका विशम्भरमा पिङ्ग, चिप्लटि निर्माण गर्ने ।<br>२) सि.नं.१६ को आ.वि. कुसुमविसौनामा झ्याल ढोका खापा निर्माण रु.५००००।- संशोधन गरी आ.वि.कुसुमविसौनामा झ्याल ढोका निर्माण गर्ने ।<br>३) सि.नं.१७ को आ.वि धनौजीमा झ्याल ढोका र फर्निचर निर्माण रु.५००००।- संशोधन गरी आ.वि धनौजीमा झ्याल ढोका निर्काण गर्ने ।<br>४) सि.नं.१९ को आ.वि.सुरवजोर |

Scanned by TapScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | शैक्षिक सामाग्री खरिद झ्याल ढोका मर्मत रु.५००००।- संशोधन गरी आ.वि.सुरवजोर शैक्षिक सामाग्री खरिद गर्ने ।<br><br>५) सि.नं.२० को आ.वि. पर्तिटोलमा कोठा ढलान, वायरिङ्ग, खानेपानी तर्फको रु.५००००।- संशोधन गरी आ.वि. पर्तिटोलमा २ वटा कोठा ढलान गर्ने ।<br><br>६) सि.नं.२१ को मा.वि. नक्टाझिजमा भवन रंगरोगन, खानेपानी व्यवस्थातर्फ रु.५००००।- संशोधन गरी मा.वि. नक्टाझिजमा खानेपानी व्यवस्थापन गर्ने ।<br><br>७) सि.नं.२२ को आ.वि.रतनपुरमा झ्यालढोका निर्माण, कम्प्यूटर खरिद रु.५००००।- संशोधन गरी आ.वि.रतनपुरमा कम्प्यूटर खरिद गर्ने ।<br><br>७) सि.नं.२४ को आ.वि. केमलीपुरमा रंगरोगन र खेलकुद सामाग्री खरिद रु.५००००।- संशोधन गरी आ.वि. केमलीपुरमा खेलकुद सामाग्री खरिद गर्ने । |
| २) | महिला बालबालिका तथा समाज कल्याण उप शाखा | १३,३०,०००।- | | |
| ३) | शिक्षा युवा तथा खेलकुद शाखा | ५,००,०००।- | | |
| ४) | आर्थिक सहायता | ५,००,०००।- | | आर्थिक सहयता |
| ५) | स्वास्थ्य तथा समाज विकास शाखा | ३०,००,०००।- | | १) निशूल्क वितरणको लागि औषधि तथा सर्जिकल औषधि खरिद रु.१०,००,०००।-<br><br>२) कोरोना भाइरस तथा अन्य इपिडेमिक जन्य रोग तथा महामारी नियन्त्रणका लगि आकस्मिक कोष रु.२०,००,०००।-<br><br>**कार्यक्रम संशोधन**<br><br>१) बहुक्षेत्रिय पोषण कार्यक्रम (३.६) लाई यस न.पा.का लेखा शुत्रमा प्रविष्ट गराउनु पर्ने रु.३,४५,०००।-<br><br>२) नगर स्तरीय चालु तर्फको खर्च (११५) गर्भवती पोषणका लागि |

| | | | | |
|---|---|---|---|---|
| | | | | गर्भवती महिलाहरुलाई रु.१००० का दरले वितरणका लागि स्वीकृत रकम रु.१५००००० बाट सोही कार्यक्रमका लागि रु.१४००००० स्वीकृत गराई बांकी रु.१००००० एच.एम.आई एसका टुल्सहरु छाप्न स्वीकृत गरिएको । |
| ६) | विपद् व्यवस्थापन कोष | १५,००,०००।- | | विपद व्यवस्थापन कोष रु.१५०००००।- |
| ७) | पशु सेवा शाखा | २,५०,०००।- | | उन्नत जातका बोयर बोका खरिद तथा वितरण रु.२,५०,०००।- |
| ८) | कृषि सेवा शाखा | ५,००,०००।- | | विउर खरिद ३३ थान रु.५,००,०००।-<br>**कार्यक्रम संशोधन**<br>१) विउ उत्पादन कार्यक्रम समूहगतमा १५ हेक्टर गहुं शपप्रतिशत अनुदान रु.२,४५,०००।- संशोधन गरी<br>विउ वितरण ५ हेक्टर मकै र १० हेक्टर धान शपप्रतिशत अनुदान रु.२,४५,०००।- कायम गरिएको |
| ९) | पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा | ६०,००,०००।- | | ग्रेडर खरिद रु.६००००००।- |
| १०) | जिन्सी इकाई शाखा | ४०,००,०००।- | | १) मसलन्द तथा कार्यलय सामाग्री खरिद रु.१०,००,०००-<br>२) सवारी साधन मर्मत खर्च रु.५,००,०००।-<br>३) मेशिनरी औजार तथा मर्मत खर्च रु.७,००,०००।-<br>४) फर्निचर तथा फिक्सचर रु.८,००,०००।-<br>५) बिमा तथा नविकरण रु.५,००,०००।- |
| ११) | खानेपानी सरसफई | १५,००,०००।- | समपूरक कोष | खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत युनिसेफसंग साझेदारी कार्यक्रम रु.१५,००,०००।- |
| | जम्मा रकम | | | |

Scanned by TapScanner

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा नगरस्तरीय ठुला पूर्वाधारतर्फ ढकाई पेट्रोल पम्प देखी दक्षीणतर्फ वडा नं. ७ देखी वडा नं. १ जाने बाटोमा पक्की कालोपत्रे सडक निर्माण गर्न यस नगरपालिकाको आन्तरिक स्रोतबाट अनुमानित रकम रु.३,००,००,०००।- (अक्षरेपी तीन करोड मात्र ) विनियोजन हुने गरी आगामी पांचौ नगर सभा (हिउदे अधिवेशन) बाट अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा नगरस्तरीय योजनाहरु मार्फत सञ्चालन गर्नुपर्ने थप आयोजनहरुको लागि यस नगरपालिकाको आन्तरिक स्रोतबाट एकमुष्ट रु.५०,००,०००।- (अक्षरेपी पचास लाख मात्र) विनियोजन हुने गरी आगामी पांचौ नगर सभा (हिउदे अधिवेशन) बाट अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा प्रत्येक वडाहरुका लागि विभिन्न पूर्वाधार विकासका लागि सञ्चालन गर्नुपर्ने थप आयोजनहरुको लागि यस नगरपालिकाको आन्तरिक स्रोतबाट प्रति वडा रु.२५,००,०००।- (अक्षरेपी पच्चीस लाख मात्र) का दरले ११ वटा वडाहरुको लागि जम्मा रु.२,७५,००,०००।- (अक्षरेपी दुई करोड पचहत्तर लाख मात्र) विनियोजन हुने गरी आगामी पांचौ नगर सभा (हिउदे अधिवेशन) बाट अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा नगरस्तरीय पूर्वाधारतर्फ आधारभूत मा.वि. दुधपानीको खेलमैदान मर्मतका लागि यस नगरपालिकाको आन्तरिक स्रोतबाट जम्मा रु.५,००,०००।- (अक्षरेपी पांच लाख मात्र) विनियोजन हुने गरी आगामी पांचौ नगर सभा (हिउदे अधिवेशन) बाट अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा नगरस्तरीय पूर्वाधारतर्फ बोडेखोला सिचाई कुलो निर्माणका लागि यस नगरपालिकाको आन्तरिक स्रोतबाट जम्मा रु.२,००,०००।- (अक्षरेपी दुई लाख मात्र) विनियोजन हुने गरी आगामी पांचौ नगर सभा ( हिउदे अधिवेशन) बाट अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ७) प्रस्ताव नं.९ मा छलफल गर्दा नगर स्तरीय पूर्वाधारतर्फ वडा नं.३ मा सामुदायिक भवन निर्माणका लागि यस नगरपालिकाका आन्तरिक स्रोतबाट जम्मा रु.३,००,०००।- (अक्षरेपी तीन लाख मात्र) विनियोजन हुने गरी आगामी पांचौ नगर सभा (हिउदे अधिवेशन) बाट अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.८) प्रस्ताव नं.८ मा छलफल गर्दा नगरस्तरीय कार्यक्रम तर्फवडा नं.१० का लागि डस्टविन खरिद गर्नका लागि यस नगरपालिकाका आन्तरिक स्रोतबाट जम्मा रु.३,००,०००।- (अक्षरेपी तीन लाख मात्र) विनियोजन हुने गरी आगामी पांचौ नगर सभा (हिउदे अधिवेशन) बाट अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा यस नगर कार्यपालिकाको कार्यालयको दोश्रो चौमासिकसम्मको जम्मा आय रु.५६,७१,४२,००१।- (अक्षरुपी छपन्न करोड एकहत्तर लाख बयालीस हजार एक मात्र) र जम्मा व्यय रु.१२,६३,४२,६८०।३५ (अक्षरेपी बाह्र करोड त्रीसाठी लाख बयालीस हजार छ सय असी र पैसा पैंतीस मात्र) को विवरण आगामी पांचौ नगर सभा (हिउदे अधिवेशन) बाट अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१०) प्रस्ताव नं.१० मा छलफल गर्दा नगरस्तरीय कार्यक्रमतर्फ वडा नं.११ का लाiग देविथान मन्दिरको ढोका तथा घेरावेरा निर्माण गर्नका लागि यस नगरपालिकाको राजश्व बांडफांड र आन्तरिक स्रोतबाट जम्मा रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) विनियोजन हुने गरी आगामी पांचौ नगर सभा (हिउदे अधिवेशन) बाट अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.११) प्रस्ताव नं.११ मा छलफल गर्दा यस नगरपालिकाको वडा नं. ११ चुरेस्थित तुलसी स्वास्थ्य चौकीको पानी तथा विद्युत महशूल रकम भुक्तानी गर्नको लागि यस नगरपालिकाको राजश्व बांडफांड र आन्तरिक स्रोतबाट जम्मा रु.३०,०००।- (तीस हजार मात्र) विनियोजन हुने गरी आगामी पांचौ नगर सभा (हिउदे अधिवेशन) बाट अनुमोदन गर्ने निर्णय पारित गरियो ।

Scanned by TapScanner

निर्णय नं.१२) प्रस्ताव नं.१२ मा छलफल गर्दा यस नगरपालिकाको वडा नं. ११ तल्लो तुलसीमा विरही युवा क्लबको भवन निर्माण गर्नको लागि यस नगरपालिकाको राजश्व बांडफांड र आन्तरिक स्रोतबाट जम्मा रु.२,००,०००।- (तीस दुई लाख मात्र) विनियोजन हुने गरी आगामी पांचौ नगर सभा (हिउदे अधिवेशन) बाट अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१३) प्रस्ताव नं.१२ मा छलफल गर्दा यस नगरपालिकाको वडा नं. ११ को बाहुनमार निवासी श्री मान बहादुर थापाको घरमा मिति २०७६।१२।०२ गते आगलागी भई अन्नपात, घरगोठ सहित बाखा र कुखुरा समेत जलेर नस्त भएकोले विपद व्यवस्थापन कोषबाट रु.२५,०००।- (पच्चीस हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१४) प्रस्ताव नं.१३ मा छलफल गर्दा विजलपुर, बर्दिवास जयनगर रेलवेको लिक (ट्र्याक) को मिथिला नगरपालिको वडा नं.१० को बिचमा पर्न गएकोले उक्त ट्रयक २०० मिटर पश्चिमतर्फ सारी सञ्चालन गर्नको लागि सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१५) प्रस्ताव नं.१४ मा छलफल गर्दा पर्यटकीय स्थल पोखरीया सागरको वरिपरी निर्माण भएको पिकनिक स्थल धर्मशाला, कम्पाउण्ड वाल, शौचालय, बगैंचा समेतको विस्तार गरी पर्यटकीय स्थलको रुपमा विकास गर्न जिल्ला वन कार्यालयले पटक पटक अवरोध गरीरहेको हुंदा उक्त निमार्ण कार्यहरु सम्पन्न गर्न/गराउनका लागि सम्वन्धित कार्यालयमा पत्राचार गर्ने गरी आगामी पांचौ नगर सभा (हिउदे अधिवेशन) बाट अनुमोदन गर्ने निर्णय पारित गरियो ।

Scanned by TapScanner